लुम्बिनी प्रदेश

# भौतिक पूर्वाधार विकास मन्त्रालय

मुकामः बुटवल

## सेवा करारमा लिने सम्बन्धी सूचना

सचना प्रशाशन मिति २०७७।१०।१४

खानेपानी तथा ढल व्यवस्थापन बिभाग, यस मन्त्रालय र युनिसेफ नेपालको साझेदारी, स्थानीय तह र खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघको समन्वयमा लुम्बिनी प्रदेशका सबै स्थानीय-तहको खानेपानी, सरसफाई तथा स्वच्छता (वास) योजना निर्माणको लागि खानेपानी आयोजनाहरुको संरचनागत एवम् संस्थागत तथ्यांक संकलन गर्न तपसिल बमोजिमका व्यक्तिहरु सेवा करारमा लिनुपर्ने भएकोले तपशिल अनुसार योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट सुचना प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएको आवेदन भौतिक पूर्वाधार विकास मन्त्रालय, लुम्बिनी प्रदेश मुकामः बुटवलमा पेश गर्नुहुन वा Email: mopid.pr5.ws5@gmail.com मार्फत पठाउनुहुन यो सुचना आव्हान गरिएको छ ।

विज्ञापन नं. १

| | | |
|---|---|---|
| पद : जिल्ला वास संयोजक | **कार्य क्षेत्र** : तोकिएको जिल्ला | **सेवा अवधि** : ५ महिना |
| पद संख्या : १५ जना | **न्युनतम शैक्षिक योग्यता** : BE in Civil Engineering वा जुनसुकै संकायमा स्नातक तह उत्तीर्ण । | |

न्युनतम कार्य अनुभव :

Civil Engineer को हकमा ६ महिना खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रमा कार्य अनुभव भएको तथा अन्यको हकमा कम्तीमा २ बर्ष खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रमा कार्य अनुभव भएको । Microsoft Office सम्बन्धि दख्खल भएको ।

गर्नुपर्ने मुख्य कामः

- वास योजना सम्बन्धि मन्त्रालय तथा स्थानीय तहहरुले संचालन गर्ने कार्यक्रमहरुको समन्वय एवम् सहजिकरण गर्ने ।
- तथ्यांक संकलकहरुलाई मोबाइल एप्लिकेसन मार्फत गरिने तथ्यांक संकलन तालिम प्रदान गर्ने तथा संकलित तथ्यांकहरुको दैनिक रुपमा सम्पादन लगायत अन्य आवश्यक व्यवस्था मिलाउने ।
- तथ्यांक संकलन अवधिभर गणकहरुको टोलिको नेतृत्व गर्दै आवश्यक सुपरिवेक्षण गर्ने ।

विज्ञापन नं. २

| | | |
|---|---|---|
| पद : गणक | **कार्य क्षेत्र** : तोकिएको स्थानीय तह | **सेवा अवधि** : बढीमा ५ महिना |
| पद संख्या : १३८ जना | **न्युनतम शैक्षिक योग्यता** : Diploma in Civil Engineering वा जुनसुकै संकायमा कक्षा १२ उत्तीर्ण । | |

न्युनतम कार्य अनुभव : Diploma Engineer को हकमा वास क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईने र अन्यको हकमा कम्तीमा ३ महिना खानेपानी सरसफाई तथा स्वच्छतामा क्षेत्रमा अनुभव भएको । Microsoft Office सम्बन्धि दख्खल भएको । मोबाइल एप्लिकेसन प्रयोग गर्न सक्ने ।

गर्नुपर्ने मुख्य कामः

- मोबाइल एप्लीकेशन मार्फत तथ्यांक संकलन र प्रशोधन गरी सुपरिवेक्षक समक्ष सम्प्रेषणको लागि पेश गर्ने । सम्बन्धित अन्य कार्य गर्ने ।

### उम्मेदवारले आवेदन फाराम पेश गर्दा तपसिल बमोजिमका कागजातहरू अनिवार्य पेश गर्नुपर्नेछः

| | |
|---|---|
| • मन्त्रालयले तोकेको आवेदन फाराम (www.mopid.p5.gov.np बाट डाउनलोड गरी भरेर पेश गर्नुहोला ।) | |
| • नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि । | • शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि । |
| • तालिमको प्रमाणपत्रको प्रतिलिपि (कम्तिमा ३ दिन वा सो भन्दा बढि दिनको मात्र) | • कार्य अनुभव प्रमाणपत्रको प्रतिलिपि । |

द्रष्टव्यः

- यो सूचना प्रकाशित मितिले १५ औं दिनसम्ममा कार्यालय समयभित्र मन्त्रालयमा आवेदन पेश गरी सक्नुपर्नेछ । उक्त दिन सार्वजनिक बिदा पर्न गएमा स्वतः त्यस दिनको भोलिपल्टसम्म म्याद कायम रहनेछ । आवेदन फारम र अन्य कागजातहरु मन्त्रालयको इमेल mopid.pr5.wss@gmail.com मार्फत समेत पेस गर्न सकिने छ ।
- जिल्ला वास संयोजकसंग Android Mobile/Tablet and Laptop र गणकसंग Android Mobile/Tablet हुनुपर्नेछ ।
- सम्बन्धित स्थानीय तह, महिला, दलित तथा पिछडावर्गहरुलाई प्राथमिकता दिइनेछ ।
- छनौट सम्बन्धी आवेदन स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहनेछ ।
- संक्षिप्त सूचीमा परेका आवेदकहरुलाई मात्र अन्तरवार्तामा समावेश गरिनेछ । आवश्यक परेमा कम्प्युटर सिप परीक्षण समेत गरी उम्मेदवार छनौट गरिने छ ।
- अन्तरवार्ताको मिति, समय र स्थान मन्त्रालयको सूचना पाटी र www.mopid.p5.gov.np प्रकाशन गरिनेछ ।
- आवेदन फाराम यस मन्त्रालयको वेवसाइट मार्फत डाउनलोड गर्न वा मन्त्रालयको वास शाखामा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

website तथा facebook ... राख्ने ।
१०/१८